# स्थानीय राजपत्र

यशोधरा गाउँपालिका द्वारा प्रकाशित

खण्डः ८)          संख्याः ६    मिति : असार ११ गते २०८३


भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**आधारभूत तह (कक्षा-८) परिक्षा सञ्चालन तथा व्यवस्थापन खर्च सम्बन्धि मापदण्ड-२०८३**

आधारभूत तह कक्षा आठको परिक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी खर्चलाई पारदर्शी र नियमित बनाउन यस यशोधरा गाउँपालिकाको सालबसाली आर्थिक ऐन अनुसार यशोधरा गाउँकार्यपालिकाले यो मापदण्ड तयार गरेको छ।

परिच्छेद एक

संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम यशोधरा गाउँपालिकाको आधारभूत तह (कक्षा-८) परिक्षा सञ्चालन तथा व्यवस्थापन खर्च सम्बन्धि मापदण्ड-२०८३ रहेको छ।

**(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ।**

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(१) “परीक्षा समिति” भन्नाले यशोधरा गाउँपालिकाको आधारभूत तह कक्षा आठको परीक्षा संचालन तथा व्यवस्थापन गर्ने परिक्षा समिति सम्झनुपर्छ।

(२) "केन्द्राध्यक्ष" भन्नाले कक्षा आठको परीक्षा केन्द्रमा कार्यरत प्रधानाध्यापक वा शिक्षक सम्झनुपर्छ ।

(३) " सहायक केन्द्राध्यक्ष"  भन्नाले केन्द्रध्यक्षले तोके बमोजिमको सहायक केन्द्राध्यक्ष सम्झनुपर्छ।

(४) "कक्षा निरीक्षक" भन्नाले परीक्षाको समयमा परीक्षा हलमा रही निरीक्षण गर्ने व्यक्ति सम्झनुपर्छ ।

(५ ) सहयोगी भन्नाले परीक्षा केन्द्रको सहयोगी कर्मचारी सम्झनुपर्छ।

(६) शिक्षा,युवा तथा खेलकुद शाखा भन्नाले यशोधरा गाउँपालिका अन्तरगत संचालनमा रहेको शाखा सम्झनुपर्छ ।

## परिच्छेद दुई

## परीक्षा सञ्चालनसँग सम्बन्धित खर्चको मापदण्ड

**३. परीक्षा सञ्चालनसँग सम्बन्धित खर्चको मापदण्डः** (१) परीक्षा सञ्चालनसँग सम्बन्धित खर्च अनुसूचि-१ को मापदण्ड बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम लाग्ने खर्चमा नबढ्ने गरी प्रश्नप्रत्र निर्माणको लागि अभिमुखिकरण वा कार्यशाला सञ्चालन गर्न सकिनेछ ।

(३) प्रश्न पत्र कम्तिमा प्रत्येक विषयको तीन सेट निर्माण गर्न सकिने छ ।

(४) नर्म्स अनुसारको रकम नियमानुसार कर कट्टा गरी भुक्तानी गर्नुपर्नेछ ।

(५) परिक्षा समितिले बढीमा ८ ओटा बैठकमा कार्य सम्पन्न गर्नुपर्नेछ ।

(६) अन्य खर्च नियमानुसार र बजेटको परिधिभित्र रहि गर्नुपर्नेछ।

**४ . विविधः** (१) यसमा उल्लेख नभएको अन्य व्यवस्था प्रचलित नियमानुसार हुनेछ ।

(२) गाउँ कार्यपालिकाले यो मापदण्ड आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।

(३) यस अघि संचालन भएको आधारभूत तहको कक्षा ८ को परिक्षा सम्बन्धि खर्च यसै कार्यविधि भए बमोजिम मानिनेछ ।

**५. बाधा अड्काउ फुकाउः** यो मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न गएमा वा यो मापदण्डमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै व्यवस्था गर्न आवश्यक परेमा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**अनुसूची-१**

**परिच्छेद-२ दफा (३) सँग सम्बन्धित**

| क.सं. | विवरण | इकाइ | प्रति इकाई रकम रु |
|---|---|---|---|
| १ | उत्तर पुस्तिका परिक्षण बापतको पारिश्रमिक भत्ता | प्रति विद्यार्थी/प्रति विषय | ११ |
| २ | उत्तरपुस्तिका संपरिक्षण बापतको पारिश्रमिक भत्ता | प्रति विद्यार्थी/प्रति विषय | २ |
| ३ | परिक्षा केन्द्र रहेको विद्यालयमा केन्द्राध्यक्ष भत्ता | प्रति दिन | ५०० |
| ४ | सहायक केन्द्राध्यक्ष भत्ता | प्रति दिन | ४०० |
| ५ | विषय विज्ञको प्रश्नपत्र तयार तथा लेखन भत्ता | प्रति विषय | १००० |
| ६ | परिक्षा केन्द्र रहेको विद्यालयमा विद्यालय सहयोगी भत्ता | प्रति दिन | २०० |
| ७ | परिक्षा केन्द्र रहेको विद्यालयमा निरिक्षकको भत्ता | प्रति दिन | ३०० |
| ८ | परिक्षा अनुगमन भत्ता | प्रति दिन | १००० |
| ९ | उत्तरपुस्तिका कोड्गि | प्रति विद्यार्थी/प्रति विषय | १ |
| १० | उत्तरपुस्तिका डिकोड्गि | प्रति विद्यार्थी/प्रति विषय | १ |
| ११ | परिक्षा केन्द्र व्यवस्थापन अनुदान रकम | प्रति केन्द्र | ५००० |
| १२ | उत्तरपुस्तिका परिक्षणमा सहजिकरण गरे बापतको भत्ता | प्रति दिन | १००० |
| १३ | खाजा खर्च (परिक्षा समिति,उत्तरपुस्तिका परिक्षण सम्बाधि सम्पूर्ण कार्यमा खटिने कर्मचारी वा शिक्षक) | प्रति दिन | १५० |
| १४ | बार्षिक परिक्षाको प्राप्तांक iemis मा entry रिजल्ट रुजु, ग्रेडलेजर रुजु , ग्रेड सिट प्रमाणिकरण गरे बापतको भत्ता | प्रति विद्यार्थी | ५ |
| १५ | परिक्षा समिति वैठक भत्ता (प्रति दिनमा एक वटा मात्र बैठक ) | प्रति सदस्य/प्रति बैठक | १००० |

आज्ञाले,

नामः बलिराम यादव

प्रमुख प्रशासकीय अधिकृत